**"बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगको अध्यक्ष तथा सदस्यको नाम सिफारिस सम्बन्धी छनौट प्रक्रिया, २०८१" सम्बन्धमा**

बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगका अध्यक्ष र सदस्यहरूको नियुक्तिको लागि सिफारिस गर्न गठित समितिको मिति २०८१/१२/२२ गतेको निर्णयबाट "बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगको अध्यक्ष तथा सदस्यको नाम सिफारिस सम्बन्धी छनौट प्रक्रिया, २०८१" को मस्यौदामा सार्वजनिक रूपमा राय, प्रतिक्रिया माग गर्ने निर्णय भएकोले उक्त मस्यौदा बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगको वेबसाइट र मन्त्रालयको सूचना पाटीमासमेत प्रकाशन गरिएको छ। उक्त मस्यौदाउपर मिति २०८१/१२/२६ गतेभित्र सो समितिको सचिवालय (कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय) वा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको इमेलः infolaw@moljpa.gov.np वा सत्य निरुपण तथा मेलमिलाप आयोगको इमेलः trcbabarmahal@gmail.com वा बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगको इमेलः ciedpnepal@gmail.com मार्फत राय, प्रतिक्रिया उपलब्ध गराउन अनुरोध गरिन्छ।

सिफारिस समितिबाट स्वीकृत मितिः २०८१।...।...

# बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगको अध्यक्ष तथा सदस्यको नाम सिफारिस सम्बन्धी छनौट प्रक्रिया, २०८१

प्रस्तावना: बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ३ को उपदफा (५) को प्रयोजनको लागि सोही ऐनको दफा ३ को उपदफा (३) बमोजिम गठित सिफारिस समितिले बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगको अध्यक्ष तथा सदस्यको नाम छनौट गरी सिफारिस गर्न देहायको प्रक्रिया निर्धारण गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस प्रक्रियाको नाम "बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगको अध्यक्ष तथा सदस्यको नाम सिफारिस सम्बन्धी छनौट प्रक्रिया, २०८१" रहेको छ।

(२) यो प्रक्रिया सिफारिस समितिले स्वीकृत गरेको मिति देखि प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस प्रक्रियामा,-

(क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ।

(ख) "आयोग" भन्नाले ऐनको दफा ३ बमोजिम गठन हुने बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोग सम्झनु पर्छ।

(ग) "ऐन" भन्नाले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ सम्झनु पर्छ।

(घ) "पदाधिकारी" भन्नाले सिफारिस समितिको अध्यक्ष वा सदस्य सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय सम्झनु पर्छ।

(च) "सचिवालय" भन्नाले समितिको सचिवालय सम्झनु पर्छ।

(छ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ।

(ज) "समिति" भन्नाले ऐनको दफा ३ को उपदफा (३) बमोजिम गठित सिफारिस समिति सम्झनु पर्छ।

## परिच्छेद-२

## <u>समितिको बैठक सम्बन्धी कार्यविधि</u>

३. <u>समितिको बैठकः</u> (१) समितिको बैठक आवश्यकतानुसार बस्नेछ।

(२) समितिको बैठक अध्यक्षले तोकेको स्थान, मिति र समयमा बस्नेछ।

(३) समितिको कूल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पदाधिकारी बैठकमा भौतिक रुपमा उपस्थित हुन नसक्ने भएमा त्यस्तो पदाधिकारीलाई विद्युतीय (भर्चुअल) माध्यमबाट समेत बैठकमा उपस्थित गराउन सचिवालयले आवश्यक व्यवस्था गर्नेछ। त्यसरी विद्युतीय (भर्चुअल) माध्यमबाट कुनै पदाधिकारी बैठकमा सहभागी भएमा त्यस्तो पदाधिकारी भौतिकरुपमा उपस्थित भए सरह मानिनेछ।

(५) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरुमध्ये वरिष्ठ सदस्यले गर्नेछ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) समितिको बैठकको निर्णय अध्यक्षले प्रमाणित गर्नेछ।

(८) समितिले आवश्यक ठानेमा समितिको काम कारबाहीसँग सम्बन्धित विषयका विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(९) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

४. <u>समितिको बजेट र कर्मचारीः</u> समितिको लागि आवश्यक बजेट र कर्मचारी मन्त्रालयले उपलब्ध गराउनेछ।

५. <u>समितिको सचिवालयः</u> समितिको सचिवालय मन्त्रालयमा रहनेछ।

## परिच्छेद-३

## <u>आयोगको अध्यक्ष तथा सदस्य सिफारिसको लागि छनौट प्रक्रिया</u>

६. <u>आवेदन माग गर्नेः</u> (१) समितिले अध्यक्ष वा सदस्य पदमा नियुक्तिको लागि सिफारिस हुन इच्छुक व्यक्तिहरुलाई अनुसूची-१ बमोजिमको ढाँचामा समितिको सचिवालयमा आवेदन दिनको लागि कम्तीमा सात दिनको समय दिई कुनै राष्ट्रियस्तरको पत्रिकामा सूचना प्रकाशन गरी आवेदन माग गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि समितिले आवश्यक ठानेमा इच्छुक व्यक्तिहरुलाई आवेदन दिने समय आवश्यकतानुसार थप गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम समय थप गरिएमा त्यसरी थपिएको समय समेत खुलाई कुनै राष्ट्रियस्तरको पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ।

(४) उपदफा (१) वा (३) बमोजिम सूचना प्रकाशन भएपछि आयोगको अध्यक्ष वा सदस्य पदमा नियुक्तिको लागि सिफारिस हुन इच्छुक व्यक्तिले सोही सूचनामा उल्लिखित अवधिभित्र अनुसूची-१ बमोजिमको ढाँचामा सोही अनुसूचीमा तोकिए बमोजिमका विवरण तथा कागजात र अनुसूची-२ बमोजिमको स्वघोषणा समेत संलग्न गरी आवेदन दिनु पर्नेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मानव अधिकार तथा नेपालको शान्ति प्रक्रियाको क्षेत्रमा कार्यरत कुनै संस्थाले शान्ति प्रक्रियाको कामलाई टुङ्गोमा पुऱ्याउन सक्ने ऐनको दफा ४ बमोजिम योग्यता पुगेको र ऐनको दफा ५ बमोजिम अयोग्य नभएको उपयुक्त व्यक्तिको नाम आयोगको अध्यक्ष वा सदस्य पदमा नियुक्तिको लागि उपदफा (१) बमोजिम प्रकाशित सूचनामा तोकिएको अवधिभित्र सम्बन्धित व्यक्तिको सहमति सहित समिति समक्ष सिफारिस गर्न सक्नेछ। त्यसरी नाम सिफारिस गर्दा अनुसूची बमोजिमको विवरण तथा कागजात समेत सिफारिस साथ संलग्न गर्नु पर्नेछ।

७. नामावली सार्वजनिक गर्ने: समितिले दफा ६ बमोजिम आवेदन प्राप्त भएका आवेदकको नामावली मन्त्रालय तथा आयोगको वेबसाइटमा प्रकाशन गरी सार्वजनिक गर्नेछ।

८. योग्य व्यक्तिहरूको संक्षिप्त सूची तयार गर्ने: दफा ६ बमोजिम प्राप्त आवेदन र सो साथ संलग्न कागजात तथा विवरणका आधारमा समितिले आयोगको अध्यक्ष तथा सदस्य पदमा नियुक्तिको लागि सिफारिस गर्न ऐनको दफा ४ बमोजिम योग्यता पुगेका तथा ऐनको दफा ५ बमोजिम अयोग्य नभएका व्यक्तिहरु मध्येबाट आयोगको अध्यक्ष वा सदस्य पदमा नियुक्तिका लागि सिफारिस गर्न योग्य व्यक्तिहरुको संक्षिप्त सूची तयार गर्नु पर्नेछ।

९. समिति आफैंले नाम सूचीकृत गर्न सक्ने: दफा ८ बमोजिम संक्षिप्त सूची तयार गर्दा दफा ६ बमोजिम आवेदन नदिएको वा सिफारिस नभएको भए तापनि ऐनको दफा ४ बमोजिम योग्यता भएको र ऐनको दफा ५ बमोजिम अयोग्य नभएको कुनै व्यक्तिको विशिष्ट योग्यता र अनुभवको आधारमा शान्ति प्रक्रियाको कामलाई टुङ्गोमा पुऱ्याउन निजको नाम योग्य व्यक्तिको संक्षिप्त सूचीमा सूचीकृत गर्न उपयुक्त र आवश्यक छ भन्ने लागेमा त्यस्तो व्यक्तिसँग परामर्श गरी समितिले त्यस्तो व्यक्तिको नाम सूचीकृत गर्न सक्नेछ।

१०. योग्य व्यक्तिहरुको संक्षिप्त सूची प्रकाशन गर्ने: (१) दफा ८ र ९ बमोजिम समितिले आयोगको अध्यक्ष वा सदस्य पदमा नियुक्तिको लागि सिफारिस गर्न तयार गरेको योग्य व्यक्तिहरुको संक्षिप्त सूची ऐनको दफा ३ को उपदफा (५) को खण्ड (क) बमोजिम सार्वजनिक प्रतिक्रियाको लागि कुनै राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको संक्षिप्त सूची प्रकाशन गर्ने प्रयोजनको लागि समितिले ऐनको अधीनमा रही योग्य व्यक्तिको मूल्याङ्कनका आधारहरू निर्धारण गरी सोही बमोजिम सूची प्रकाशन गर्न सक्नेछ।

११. प्रतिक्रिया दिन सक्ने: (१) दफा १० बमोजिम प्रकाशित योग्य व्यक्तिहरुको संक्षिप्त सूचीमा नाम समावेश भएका व्यक्तिहरुको बारेमा कसैको कुनै प्रतिक्रिया भए त्यस्तो सूचना प्रकाशन भएको मितिले पाँच दिनभित्र समितिको सचिवालयमा विद्युतीय माध्यमबाट समेत आफ्नो प्रतिक्रिया पेश गर्न सकिनेछ।

(२) आयोगको अध्यक्ष तथा सदस्य पदमा नियुक्तिको लागि सिफारिस गर्दा समितिले उपदफा (१) बमोजिम पर्न आएको प्रतिक्रियालाई गम्भिरतापूर्वक अध्ययन तथा मनन गर्नु पर्नेछ।

१२. <u>छलफल तथा परामर्श गर्न सक्नेः</u> अध्यक्ष तथा सदस्य पदमा नियुक्तिको लागि सिफारिस गर्नु अघि समितिले आवश्यकता अनुसार सरोकारवाला तथा समितिले उपयुक्त सम्झेको व्यक्ति वा संस्थाका प्रतिनिधिहरुसँग आवश्यक छलफल तथा परामर्श गर्न सक्नेछ।

१३. <u>प्रस्तुतीकरण गर्नु पर्नेः</u> (१) दफा १० बमोजिम योग्य व्यक्तिहरुको संक्षिप्त सूचीमा समावेश भएका व्यक्तिलाई समितिले प्रस्तुतीकरण गर्न तथा समितिले आवश्यक ठानेका अन्य कुनै कार्य गर्न लगाउनेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि समितिले प्रस्तुतीकरणको समय व्यवस्थापन तथा प्रस्तुतीकरणको कार्यलाई व्यवस्थित गर्न आवश्यक व्यवस्था गर्नेछ।

१४. <u>नाम सिफारिस गर्नेः</u> (१) दफा १० बमोजिम योग्य व्यक्तिहरुको संक्षिप्त सूचीमा सूचीकृत भएका व्यक्तिहरुमध्येबाट दफा ११, १२ र १३ बमोजिमको आधारमा समितिले ऐनको दफा ३ को उपदफा (२) बमोजिम निर्धारित संख्यामा सोही दफाको उपदफा (७) बमोजिम बढीमा दुई महिना भित्र आयोगको अध्यक्ष तथा सदस्य पदमा नियुक्तिको लागि नेपाल सरकार समक्ष सिफारिस गर्नेछ।

(२) उपदफा (१) बमोजिम सिफारिस गर्दा समितिले सिफारिस गरिने व्यक्तिको योग्यता र अनुभवबाट निजले आयोगलाई दिन सक्ने योगदानलाई समेत विचार गरी सिफारिस गर्नु पर्नेछ।

अनुसूची-१

(दफा ६ को उपदफा (१) र (४) सँग सम्बन्धित)

## अध्यक्ष /सदस्य पदमा नियुक्तिको लागि सिफारिस गरी पाउन समिति समक्ष पेश गर्ने आवेदनको ढाँचा

श्री बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगको
अध्यक्ष तथा सदस्यको नियुक्तिको लागि गठित सिफारिस समिति,
सिंहदरबार, काठमाडौं।

विषयः आवेदन सम्बन्धमा।

उपरोक्त सम्बन्धमा त्यस समितिबाट मिति २०८१ साल .....महिना.....गते............. पत्रिकामा प्रकाशित सार्वजनिक सूचना बमोजिम बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग /सत्य निरुपण तथा मेलमिलाप आयोगको ................ (अध्यक्ष वा सदस्य कुन पदमा सिफारिस हुन चाहेको हो उल्लेख गर्ने) पदमा नियुक्ति भई जिम्मेवारी सम्हाल्ने मलाई इच्छा भएको र बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ४ बमोजिम योग्यता पुगेको र दफा ५ बमोजिम अयोग्य नभएको हुँदा आयोगको अध्यक्ष /सदस्यको पदमा नियुक्तिको लागि सिफारिस गरी पाउन देहाय बमोजिमको विवरण खुलाई यो आवेदन पेश गरेको छु।

१. पूरा नाम थरः ........................ (नागरिकता बमोजिमको नाम थर उल्लेख गर्ने)

२ ठेगानाः

(क) स्थायी ठेगानाः

जिल्ला .................. न.पा /गा.पा. ................ वडा नं. ........

टोल ........... घर नं. ....

(ख) हालको ठेगानाः

जिल्ला .................. न.पा /गा.पा. ................ वडा नं. ........

टोल ........... घर नं. .... सम्पर्क नं. ......

३. नियुक्तिको लागि सिफारिस हुन चाहेको आयोगको नामः (बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग वा सत्य निरुपण तथा मेलमिलाप आयोग मध्ये कुन आयोगमा चाहेको हो स्पष्ट खुलाउने)

४. नियुक्तिको लागि सिफारिस हुन चाहेको पदः

(क) अध्यक्ष (ख) सदस्य (ग) दुवै

५. नियुक्ति लागि सिफारिस हुन चाहेको एक भन्दा बढी पद भएमा त्यसको प्राथमिकताक्रम तोक्नेः

६. दुवै पद रोजेको भएमा प्राथमिकताक्रम उल्लेख गर्नेः–

७. हाल कुनै सरकारी वा सार्वजनिक सेवाको पदमा बहाल भइरहेको भएः–

(क) कार्यालयको नामः

(ख) बहाल रहेको पदः

(ग) बहाल भएको मितिः

८. कुनै सरकारी वा सार्वजनिक सेवाको पदबाट अवकाश प्राप्त व्यक्ति भएः-

(क) अवकाश प्राप्त गरेको कार्यालयको नामः

(ख) अवकाश हुँदाको पदः

(ग) अवकाश प्राप्त मितिः

९. देहायको विवरण यसैसाथ संलग्न गरेको छुः-

(क) जन्ममिति, शैक्षिक योग्यता, अनुभव सहित वैयक्तिक विवरण ( BIO-Data दुई पृष्ठमा नबढाई),

(ख) आफू नियुक्त हुन चाहेको पदसँग सम्बन्धित कार्य अनुभव र सो सँग मिल्दो क्षेत्रमा आफूले गरेको योगदानको संक्षिप्त विवरण (पाँचसय शब्दमा नबढाई),

(ग) नियुक्त हुन चाहेको पदमा नियुक्ति भएको अवस्थामा आफूले गर्न सक्ने योगदान र रणनीति (पाँचसय शब्दमा नबढाई),

(घ) सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित विषयमा कुनै अध्ययन वा अनुसन्धान गरेको भए त्यस्तो अनुसन्धानको कृति, लेख रचना प्रकाशित गरेको भए त्यस सम्बन्धी विवरण।

अनुसूची-२

(दफा ६ को उपदफा (४) सँग सम्बन्धित)

स्वघोषणा

मितिः ..........................

श्री बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगका अध्यक्ष तथा सदस्यको नियुक्ति गर्न गठित सिफारिस समितिको सचिवालय,
सिंहदरबार, काठमाडौं।

**विषयः स्वघोषणा सम्बन्धमा।**

मैले बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग/सत्य निरुपण तथा मेलमिलाप आयोगको अध्यक्ष/सदस्य पदको लागि आवेदन गरेकोमा बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ४ बमोजिम योग्यता पुगेको र दफा ५ बमोजिम अयोग्य नभएको व्यहोरा स्वघोषणा गर्दछु।

आवेदकको,-

हस्ताक्षरः ..................................
नाम, थरः ..................................
मितिः ......................................